# नेपाल मगर महिला संघको
# विधान

(संशोधित)

२०७९

प्रकाशक

नेपाल मगर महिला संघ, केन्द्रीय समिति

Scanned with CamScanner

# नेपाल मगर महिला संघको विधान - २०५६

**क) प्रस्तावना :**

मगर जातिको जनसंख्या अत्याधिक भएको र सबै भागमा छरिएर रहेको नेपाल मगर संघ नामक संस्थाले आफ्नो कार्य गर्दै आएको छ, तापनि आधा जनसंख्या ओगटेर रहेका महिलाहरुलाई समय सापेक्षा सक्षम बनाउन र क्षेत्रीय रूपमा रहेका केही भिन्नतालाई समेत महिलाहरुद्वारा एकीकृत विकास गर्न र अन्य आदिवासी जनजातिका महिलाको प्रतिस्पर्धामा सशक्त बनाउनलाई अलग विधान बनाई कार्य गर्न जरुरी देखिएको हुँदा यो विधान जारी गरी बनाइएको छ।

## परिच्छेद - १

**१. यो विधान र संघको नाम :**

यो विधानको नाम नेपाल मगर महिला संघ को विधान २०५६ रहनेछ, र संघको नाम नेपाल

मगर महिला संघ र अंग्रेजीमा Nepal Magar Women Association, छोटकरीमा ने.म.म.स. (N.M.W.A.) रहनेछ। यो संघ दर्ता भएपछि संघको विधान संघको सम्पूर्ण सदस्यहरूलाई लागू हुनेछ।

**परिभाषा :**

(क) "समिति" भन्नाले विधान बमोजिम गठन भएका केन्द्रीय समिति, प्रदेश समिति, बिदेश शाखा/जिल्ला समिति नगर/गाउँ / वडा समिति समेतलाई सम्झनु पर्नेछ।

ख) "पदाधिकारी" भन्नाले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, भाषिक उपाध्यक्ष-३, साँस्कृतिक उपाध्यक्ष-३ (वाह्र मगरात, अठार मगरात, काइके) महासचिव १, उपमहासचिव -१, सचिवहरु ५ जना (संगठन, संचार सचिव, विदेश सचिव, जनसम्पर्क तथा प्रशासन) कोषाध्यक्ष १ र सह-कोषाध्यक्ष १ लाई जनाउँछ।



Scanned with CamScanner

(ग) संरक्षण समिति" भन्नाले विविध विषय अन्तर्गतका ९जना सम्मको आ-आफ्नो अन्तर्गत भाषिक, संस्कृति, सामाजिम, आर्थिक, शैक्षिक लगायत विभिन्न क्षेत्र विकासको लागि गठित समितिलाई जनाउँछ। यस समितिले आफ्नो हित अनुकुलहरू बनाउन सक्नेछ।

(छ) "सभा" भन्नाले संघको राष्ट्रिय महाधिवेशन, राष्ट्रिय सम्मेलन, प्रदेश अधिवेशन भेला, जिल्ला अधिवेशन, बिदेश अधिवेशन/भेला र साधरणसभाहरुलाई जनाउँछ।

### ३. संस्थाको कार्यालय रहने ठाउँ :-

ग संघको केन्द्रीय र यसको मातहतमा कानूनको रित पुरा गरी आवश्यकता अनुसार सम्बन्धित प्रदेशका जिल्ला समिति र गाउँपालिका, नगरपालिकामा र वडा समिति समेत सो स्तरको प्रारम्भिक समिति गठन हुनेछ त्यसको नामाकरण सम्बन्धित समितिबाट गरिनेछ।

## परिच्छेद - २
## उद्देश्य

### ४, संघको उद्देश्यहरु :-

क) मगर जातिमा बोलिने सम्पूर्ण भाषा, (बाह्र, अठार र काईके) को कला, संस्कृति आदिलाई संरक्षण र सम्वर्द्धन गर्ने।

ख) विभिन्न भेगका मगर महिलामा रहेको क्षेत्रिय सीपको विकास गरी एक आपसमा आदान प्रदान गर्ने।

ग) परम्परागत चलिआएका सकरात्मक मूल्यमान्यतालाई संरक्षण तथा प्रवद्धन गर्ने गराउने।

घ) मगर महिलाहरुको उत्पादनमूलक व्यवसाय तथा वस्तुहरुको बजार मेला व्यवस्था गर्ने।



Scanned with CamScanner

ङ) मगर महिलामा साक्षरता कक्षा कानूनी साक्षरता शिविर संचालन तथा विविध विषयमा चेतना कार्यक्रमहरु चलाउने ।

च) विभिन्न अधिकार (सामाजिक, आर्थिक, सांस्कृतिक शैक्षिक कानून राजनैतिक) क्षेत्रको सशक्तिकरण प्राप्त गर्न समानताको हक खोज्ने ।

## परिच्छेद ३
## सदस्यता

### ५. योग्यता :-

यस विधानको धारा (घ) अनुसार मगर संघको भावनालाई आत्मसाथ गर्दै त्यसप्रति समर्पित अठार वर्ष पुगेका मगर महिलाहरू संघका सदस्य हुन सक्ने छन् ।

### ६. सदस्यताको किसिम र शुल्क :-

**क) साधारण सदस्य :-** संघको कुनै पनि समितिमा रु. १००/- तिरी सदस्यता प्राप्त गरेको व्यक्ति साधारण सदस्य बन्ने छ र समितिको पदको समाप्ति सबै सदस्यले अर्को निर्वाचन अगावै रु. ५०/- तिरी नविकरण गर्नु पर्नेछ ।

**ख) आजिवन सदस्य :-** संघको समितिमा रु. ५,००/- (पाँच सय रुपैयाँ तिरी इच्छुक व्यक्तिले आजीवन सदस्यता प्राप्त गरी सो को प्रमाणित गर्नेछ र सो को नामावली केन्द्रीय समितिमा ५०/- प्रतिशत रकम सहित पठाउनु पर्ने छ र एक प्रदेशबाट अर्को जिल्लामा विवाह, बसाईसराई वा सरुवा भएको व्यक्तिले प्रमाण सहित सो प्रदेशमा आफ्नो नामावली समावेश गर्न सक्नेछ ।



Scanned with CamScanner

# परिच्छेद -४
## सभा

### ७. राष्ट्रिय महाधिवेशन :

"ग) सात वटा प्रदेश र सबै जिल्लालाई समेट्ने गरी पदाधिकारी र सदस्यहरु मध्येबाट २ जना पर्यवेक्षक र ३ जना प्रतिनिधि गरी पाँच जना संघको राष्ट्रिय महाधिवेशनमा सहभागि भई संघका राष्ट्रिय महाधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्नेछन् र प्रतिनिधिहरु केन्द्रीय समितिको निर्वाचनमा 'मतदाता र उम्मेदवार हुन पाउने छन् साथै यसलाई केन्द्रीय परिषद भनिनेछ।

आ-आफ्नो जिल्लाको प्रतिवेदन पेश गर्नेछन् र केन्द्रीय समितिको निर्वाचनमा मतदाता एवं उम्मेदवार हुन पाउँनेछन्। साथै यसलाई केन्द्रीय समिति मानिनेछ।

### ८. राष्ट्रिय सम्मेलन

क) केन्द्रीय समितिले प्रत्येक आर्थिक दुई वर्षमा संघको राष्ट्रिय सम्मेलन बोलाउनु पर्नेछ उक्त सम्मेलनले महाधिवेशनको मिति र स्थान तोक्नेछ। संघको महाधिवेशन भएको वर्ष प्रदेश भेला सम्मेलन बोलाउनु पर्नेछ तर संघको महाधिवेशन भएको वर्ष राष्ट्रिय सम्मेलन गरिने छैन।

ख) संघको राष्ट्रिय सम्मेलनमा गठन भई केन्द्रीय समितिमा अभिलिखित प्रत्येक प्रदेश, जिल्ला र बिदेश समितिबाट पर्यवेक्षक २ जना र प्रतिनिधि ३ जना गरी जम्मा ५ जना पर्यवेक्षक र प्रतिनिधि भई आ-आफ्नो जिल्लाको प्रतिवेदन प्रस्तुत गर्ने छन् र केन्द्रीय समितिले आफ्नो वार्षिक आर्थिक तथा प्रगति प्रतिवेदन पारित गर्न प्रस्तुत गर्ने छ।

### ९."प्रदेश भेला

"प्रदेश भेला भन्नाले आ-आफ्नो प्रदेशमा पर्ने जिल्लाहरुबाट जिल्लाको पदाधिकारी र सदस्यहरुबाट ३ जना प्रतिनिधि र २ जना पर्यवेक्षक गरी जम्मा ५



Scanned with CamScanner

जना पर्यवेक्षक र प्रतिनिधि भई आ-आफ्नो जिल्लाको प्रतिवेदन प्रस्तुत गर्ने छन् । प्रदेश परिषद दोस्रो वर्षको राष्ट्रिय सम्मेलनको मिति र स्थान तोक्नेछ ।

### १०. जिल्ला अधिवेशन र सम्मेलन

क) प्रत्येक जिल्लामा जिल्ला समितिको आयोजनामा दुई वर्षमा जिल्ला अधिवेशन र एक वर्षमा जिल्ला सम्मेलन गरिनेछ ।

## परिच्छेद-५
## कार्य समिति

११. क) संघको कार्य समितिको सांगठनिक स्वरुप देहाय बमोजिम हुनेछन् ।

१. केन्द्रीय समिति

२. प्रदेश समिति

३. जिल्ला समिति

४. नगर/गाउँ/ वडा/प्रारम्भिक समिति

५. वैदेशिक शाखा/ संघ/संस्था

**ख) केन्द्रीय समितिको गठन :**

संघको राष्ट्रिय महाधिवेशनले महाधिवेशन प्रतिनिधिहरुवाट ३ वर्षका लागि देहाय बमोजिम पदहरुमा सर्वसम्मत वा निर्वाचन तथा केन्द्रीय समितिले मनोनयनबाट संघको केन्द्रीय समिति गठन गर्नेछ ।

क) अध्यक्ष - १

ख) वरिष्ठ उपाध्यक्ष- १

ग) भाषिक उपाध्यक्ष- ३

- खाम पाङ -१
- मगर ढुट-१
- काईके - १



Scanned with CamScanner

घ) साँस्कृतिक उपाध्यक्ष-३

- अथार - १
- ब्राह - १
- तराली - १

ङ) महासचिव- १

च) उप-महासचिव-१

ट) संगठन सचिव- १

ठ) संचार सचिव-१

ड) विदेश सचिव-१

ढ) जन सम्पर्क सचिव-१

ण) प्रशासन सचिव - १

त) कोषाध्यक्ष -१

थ) सह-कोषाध्यक्ष -१

द) सदस्यहरू

प्रत्येक प्रदेशबाट ३/३जना र प्रदेश नं. ३,४ र ५ बाट थप १/१ जना गरी जम्मा २४ जना आवश्यकता अनुसार केन्द्रीय सदस्यमा १ जना र विदेश शाखाबाट १ जना गरी जम्मा २ जना मनोनित सदस्य गरी जम्मा ४३ जनाको केन्द्रीय समिति रहनेछ।

**ग. प्रदेश समितिको गठन :**

प्रदेशमा पर्ने जिल्ला समितिका प्रतिनिधिहरुबाट ३ वर्षका लागि देहाय बमोजिम पदहरुमा सर्वसम्मत वा निर्वाचन तथा प्रदेश समितिले गठन गर्नेछ।

क) अध्यक्ष - १

ख) उपाध्यक्ष - १

ग) सचिव -१

घ) सह सचिव - १

ङ) कोषाध्यक्ष - १,



Scanned with CamScanner

च) सदस्य जम्मा १० जना गरी १५ जनाको प्रदेश समिति समिति हुनेछ। जिल्ला अनुसार जिल्ला सदस्य थप गर्न सकिनेछ।

**प्रदेश परिषद/समिति प्रदेश परिषद भन्नाले प्रत्येक जिल्लाबाट ३ जनाप्रतिनिधि र २ जनापर्यवेक्षक तथा जनसंख्याको अनुपातमाप्रति २५ हजार १ जना प्रतिनिधि हुनेछन।**

**घ. जिल्ला समितिको गठन.**

क) अध्यक्ष -१

ख) उपाध्यक्ष -१

ग) सचिव -१

घ) सह-सचिव -१

ङ) कोषाध्यक्ष -१

च) सदस्य- ८

नेपाल मगर महिला संघ जिल्ला समितिका महिला पदाधिकारी वा सदस्यबाट १ जना रहने गरी १३ जनाको जिल्ला कार्यसमितिको गठन हुनेछ। स्थानीय तह अनुसार जिल्ला सदस्य थप गर्न सकिने छ।

**ङ. बैदेशिक शाखा (समिति) गठन**

क) अध्यक्ष -१

ख) उपाध्यक्ष -१

ग) सचिव -१

घ) सह-सचिव -१

ङ) कोषाध्यक्ष -१

च) सदस्य- ८



Scanned with CamScanner

मगर महिला संघ बिदेशका विभिन्न शाखाबाट पदाधिकारी वा सदस्यबाट १ जना रहने गरी १३ जनाको बैदेशिक कार्यसमितिको गठन हुनेछ।

च. **महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका र वडा प्रारम्भिक कमिटि गठन**

क) अध्यक्ष -१

ख) उपाध्यक्ष -१

ग) सचिव -१

घ) सह-सचिव -१

ङ) कोषाध्यक्ष -१

च) सदस्य -४

नेपाल मगर महिला संघ महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका र वडा प्रारम्भिक कमिटिका महिला पदाधिकारी वा सदस्यबाट १ जना रहने गरी समिति गठन गरिनेछ।

एक वा ३ वटा सम्म गा.वि.स. को बीचमा ५० जना सदस्य भएको गाउँपालिका वा नगरपालिकाको परिषद् हुनेछ।

नेपाल मगर संघबाट प्रतिनिधित्व हुने पदेन सदस्य पदमा निजको बाँकी पदावधि सरह गणना हुनेछ।

कार्यकाल : संघको केन्द्रीय समितिको कार्यकाल ३ वर्ष, प्रदेश समितिको ३ वर्ष र अन्य स्तरका समितिको कार्यकाल २ वर्षको हुनेछ।

## १२. संरक्षण समिति :

**संरक्षण समितिको गठन, कर्तव्य र अधिकार :**

क) केन्द्रीय स्तरमा काइके, खाम र मगराँती विभाग कायम गरी छुट्टा छुट्टै केन्द्रीय



Scanned with CamScanner

उपाध्यक्षहरुको अध्यक्षतामा प्रत्येकले आ-आफ्नो अध्यक्षतामा ७ जना सम्मको अलग अलग संरक्षण समिति गठन गर्नेछन् ।

ख) संरक्षण समितिले आ-आफ्नो क्षेत्रमा भाषा, संस्कृति, परम्परागत, संस्कार रितिरिवाज, कला, साहित्य आदिको विकास संवर्द्धन तथा अनुसन्धान गर्नेछन् ।

ग) मगर समुदाय (अथार, ब्राह, तराली) साँस्कृतिक विभाग कायम गरिनेछ । साँस्कृतिक उपाध्यक्षहरूको अध्यक्षतामा ७ जन सम्मको अलग संरक्षण समिति गठन गर्नेछ ।

३) प्राज्ञ, लेखक, कवि, कलाकार, साहित्यकार कानुनविद, किसान, मजदुर, भू.पू. सैनिक, विद्यार्थी आदि व्यक्तिहरुसँग बेला बेलामा सम्पर्क कायम गर्नेछन् । आवश्यक परेको ठाउँमा उनीहरुको आवधिक वा दीर्घकालिन रुपमा समिति पनि बनाउन सक्नेछन् ।

ङ) संरक्षण समितिको आफ्नै अलग अलग कार्यालय संचालन गर्ने सकिनेछ । साथै आवश्यक परेमा प्राविधिक वा साधारण कर्मचारी भर्ना गर्ने सक्नेछन् ।

च) बैठक :- संरक्षण समिति गठन भै सकेपछि बैठक स्वयंबाट तय हुनेछ ।

छ) आ-आफ्नो क्षेत्रको कला, संस्कृति, सीप आदि प्रस्तुति विक्रिबाट आ-आफ्नो कोष खडा गरी ५० प्रतिशत रकम केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

ज) समय परिस्थिती अनुकूल कार्य गर्दै जानेछ ।

झ) गणपुरक संख्या : कुनै पनि तहको कार्य समितिको बैठक बस्नको लागि गणपुरक सम्बन्धित समितिको पदाधिकारी र सदस्यहरुको ५१ प्रतिशतको उपस्थितिलाई बैठक बस्तु गणपुरक संख्या भनिनेछ ।



Scanned with CamScanner

# परिच्छेद-६

## पदाधिकारी

१३. पदाधिकारीहरुको काम, कर्तव्य, अधिकार

**क) केन्द्रीय अध्यक्ष**

अ. केन्द्रीय अध्यक्षले केन्द्रीय समितिको बैठकको अध्यक्षता गर्ने ।

आ. कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत भएमा निजले आफ्नो निर्णाय मत दिने ।

**ख) वरिष्ठ उपाध्यक्ष**

अ. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

आ. संघको उद्देश्य प्राप्ति गर्न सक्रिय भई रचनात्मक सहयोग गर्ने ।

इ. अध्यक्षले तोकिदिएको कार्य गर्ने ।

**ग) भाषिक उपाध्यक्षहरु**

अ. उपाध्यक्ष (भाषिक) हरुले तीनवटै मगर भाषाहरु (काईके, अठार मगरात मगर भाषा र वाह मगरात भाषा) आफ्नो क्षेत्रमा बोलिने भाषा जानेको हुनुपर्नेछ । भाषाको उत्थान विकास र संरक्षणको लागि प्रमुख भएर काम गर्ने र उपाध्यक्ष -प्रदेश) हरुले आफू निर्वाचित भएको प्रदेशको नेतृत्वमा कार्य प्रमुख भएर संघको विधान अनुरुप सङ्गठनको काम गर्ने ।

आ. लैङ्गिक विभेद अन्त्य गर्न केन्द्रीय स्तरको विविध योजना बनाई मगर समुदायमा कार्यान्वयन गर्ने ।

इ. मगर समुदायमा विविध क्षेत्र को अध्यान अनुसन्धानबाट उजागरण गर्ने ।

ई. लैङ्गिक समानता र विभेद विषयमा वर्तमान कानूनी व्यवस्थाका अध्ययन अनुसन्धान गर्दै सचेतना अभियान चलाउने ।

उ. महिला सशक्तिकरणका लागि आवश्यक कार्यक्रम / अभियान संचालन गर्ने

ऊ. मगर महिलाको हकहितका कार्यक्रम गर्ने ।



Scanned with CamScanner

**घ) साँस्कृतिक उपाध्यक्ष**

तिनैजना उपाध्यक्षहरूले आ-आफ्नो क्षेत्रका भाषा, संस्कृति, परम्परागत संस्कार, रीतिरिवाज, सिप, कला र साहित्य आदीको विकास सम्वर्द्धन तथा अनुसन्धान गर्नेछन् ।

**ङ) महासचिव**

अ. केन्द्रीय समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धि कामहरु गर्ने र सो को अभिलेख राख्ने ।

आ. राष्ट्रिय महाधिवेशन/राष्ट्रिय सम्मेलनमा केन्द्रीय समितिको तर्फबाट पारित गर्न प्रतिवेदन पेश गर्ने ।

इ. संघको प्रवक्ताको रुपमा कार्य गर्ने ।

ई. संघको विभागहरु र अवद्ध संघ संस्थाहरुको अनुगमन तथा निरिक्षण गर्ने गराउने ।

**च) उपमहासचिवः**

अ.केन्द्रीय समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरु गर्ने महासचिवलाई सहयोग गर्ने र सो को अभिलेख राख्ने ।

आ. राष्ट्रिय महाधिवेशन/राष्ट्रिय सम्मेलनमा केन्द्रीय समितिको तर्फबाट पारित गर्न प्रतिवेदन पेश गर्ने महासचिवलाई सहयोग गर्ने ।

इ. संघको प्रवक्ताको रुपमा कार्य गर्ने ।

ई. संघको विभागहरु र अवद्ध संघ संस्थाहरुको अनुगमन तथा निरिक्षण गर्ने गराउने ।

च. महासचिव अनुपस्थित हुदा महासचिवको रुपमा काम गर्ने ।

**(छ) सचिवहरु :**

१. संगठन सचिव :

- देशभर छरिएर रहेका मगर र नेपाल मगर महिला संघका भातृ संघ / सङ्गठन / समितिको अभिलेख राख्ने, संघको उद्देश्य प्राप्तिका लागि संघ/ समिति परिचालन गर्ने ।



Scanned with CamScanner CamScanner

- संघको सदस्यहरु (साधारण, आजिवन, संरक्षक, मानार्थ) वृद्धि गर्ने र सो को दूरुस्त अभिलेख राख्ने, सदस्यता विस्तार गरी नियमित गर्न निरन्तर लाग्ने ।

२. **विदेश सचिवः**

- विश्वमा छरिएर रहेका मगर महिला संघ संस्थाहरुसंग सम्पर्क गरी नेपाल मगर महिला संघसंग सम्वन्ध निरन्तर बढाउने सो को नियमित अभिलेख राख्ने, संघलाई आवश्यक
  आर्थिक, भौतिक सहयोग समेत उपलब्ध गराउने ।
- संघको उद्देश्य प्राप्तिको लागि सधै सक्रिय भई संघले गर्ने र गरेका कार्यक्रम अभियानमा रचनात्मक सहयोग गर्ने ।
- संघको गतिविधि एवं निर्णय बारे संघसंग सम्बन्धित मातहतका भातृ संघ/सङ्गठन/समितिलाई सूचना गर्ने । सम्पर्क टेलिफोन, मोबाईल, ईमेल र ठेगानाको अभिलेख राख्ने र नियमित गरी अभिलेख राख्ने ।
- संघसंग सम्बन्धित भातृ संघ संस्था एवं अन्य निकायवाट प्राप्त सूचना कार्य समितिलाई जानकारी गराउने, गर्ने र सोको अभिलेख राख्ने ।
- संघको सम्पर्क, संचार सूचना व्यक्तिको रुपमा रही काम गर्ने ।

३. **संचार सचिव :**

- देश तथा विदेशमा छरिएर रहेका मगर महिलाहरुलाई, संघको उद्देश्य प्राप्तिका लागि सुचना प्रवाह गर्ने ।
- सबै संघ संस्था संग सूचना लिने र दिने काम गर्ने ।
- सस्थाको मुखपत्रको संयोजन तथा प्रकाशन गर्ने,
- सस्थाको आवश्यक प्रकाशनहरु गर्ने ।

४. **जनसम्पर्क सचिव :**

- विभिन्न सरकारी कार्यालय तथा संघ संस्थाहरु संग जनसम्पर्क बढाउने ।



Scanned with CamScanner

- सबै संघ संस्थाहरु संग समन्वय र सहकार्य गर्ने ।
- सबै संघ संस्थाहरु संग सम्पर्कमा रहने ।

५. **प्रशासन सचिवः**

- संघको अध्यक्ष तथा पदाधिकारीहरु संग समन्वय गरी प्रशासनिक सम्वन्धि सम्पूर्ण कार्य गर्नु पर्ने छ।
- संघको एक प्रशासनिक कार्यालय हुनेछ । प्रशासन व्यवस्थापन गर्न प्रशासन सचिवले संघको अध्यक्ष तथा पदाधिकारीहरु संग समन्वय गरी सम्पूर्ण कार्य गर्नु पर्ने छ।
- प्रशासन सम्वन्धी वार्षिक प्रतिवेदन वुझाउनु पर्ने छ।

**ज) कोषाध्यक्ष**

- संघको सम्पूर्ण आर्थिक कारोवारको अभिलेख ठिक दूरुस्त राख्ने ।
- केन्द्रीय समितिको आय-व्यायको हिसाव चुस्त दुरुस्त राख्ने ।
- केन्द्रीय समितिको निर्णय अनुसार केन्द्रको कोष निर्माण तथा व्यवस्थापन सम्बन्धी काम गर्ने ।
- राष्ट्रिय महाधिवेशन र राष्ट्रिय सम्मेलनमा संघको आय व्याय विवरण र आगामी बजेट पारित गर्न प्रस्तुत गर्ने ।

**झ) सह–कोषाध्यक्ष**

- तोकिएको अन्य कार्य गर्ने ।
- कोषाध्यक्षको काममा सघाउने ।

**ञ. सदस्यहरू**

- संघको उद्देश्य प्राप्तिको लागि संघले गर्ने र गरेको काममा साथै संघको बैठकमा सधै सक्रिय भई रचनात्मक सहयोग गर्ने ।
- सम्बन्धित प्रदेश र जिल्लाका सूचना आनप्रदान गर्ने ।



Scanned with CamScanner

# धारा १५
## प्रदेश समितिको काम, कर्तव्य र अधिकार

१४. क. प्रदेश समितिको कार्यकाल ३ वर्षको हुनेछ।

**क) प्रदेश अध्यक्ष**

अ. प्रदेश अध्यक्षले प्रदेश समितिको बैठकको अध्यक्षता गर्ने।

आ. कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत भएमा निजले आफ्नो निर्णय मत दिने

**ख) उपाध्यक्ष**

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने।

ख. संघको उद्देश्य प्राप्ति गर्न सक्रिय भई रचनात्मक सहयोग गर्ने।

ग. अध्यक्षले तोकिदिएको कार्य गर्ने।

**ग) सचिव**

अ. प्रदेश समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरु गर्ने र सो को अभिलेख राख्ने।

आ. प्रदेशको सबै बैठकहरु संचालन गर्ने प्रदेश समितिको तर्फबाट पारितगर्न प्रतिवेदन पेश गर्ने।

**घ) सह सचिव**

अ. प्रदेश समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरु सचिव उपस्थित नहुदा सचिवको काम गर्ने।

**ङ) कोषाध्यक्ष**

- प्रदेश समितिको सम्पूर्ण आर्थिक कारोबारको अभिलेख ठिक दूरुस्त राख्ने।
- प्रदेश समितिको आय व्यायको हिसाव चुस्त दुरुस्त राख्ने।



Scanned with CamScanner

- प्रदेश समितिको निर्णय अनुसार प्रदेशको कोष निर्माण तथा व्यवस्थापन सम्बन्धी काम गर्ने ।

**च) सदस्यहरु :**

- संघको उद्देश्य प्राप्तिको लागि संघले गर्ने र गरेको काममा साथै संघको बैठकमा सधै सक्रिय भई रचनात्मक सहयोग गर्ने । प्रदेशबाट आएको संयोजकले प्रदेश समितिको संयोजक गर्ने छ ।
- प्रदेश समितिको निति, निर्णय र निर्देशन पालना गर्ने ।
- प्रदेश समितिको उदश्ये प्राप्तीका लागि जिल्ला भित्रको मगर महिलाहरूको हक हित र उत्थानका लागि आवश्यक काम गर्ने ।

## धारा १६

## जिल्ला समितिको काम, कर्तव्य र अधिकार

**१५. क. जिल्ला समितिको कार्यकाल २ वर्षको हुनेछ ।**

**क) जिल्ला अध्यक्ष**

अ. जिल्ला अध्यक्षले जिल्ला समितिको बैठकको अध्यक्षता गर्ने ।

आ. कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत भएमा निजले आफ्नो निर्णय मत दिने ।

**ख) उपाध्यक्ष**

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

ख. संघको उद्देश्य प्राप्ति गर्न सक्रिय भई रचनात्मक सहयोग गर्ने ।

ग. अध्यक्षले तोकिदिएको कार्य गर्ने ।

**ग) सचिव**

अ. जिल्ला समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरु गर्ने र सो को अभिलेख राख्ने ।

Scanned with CamScanner CamScanner

आ.जिल्लाको सबै बैठकहरु संचालन गर्ने जिल्ला समितिको तर्फवाट पारित गर्न प्रतिवेदन पेश गर्ने ।

घ) सह सचिव

अ. जिल्ला समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरु सचिव उपस्थित नहुदा सचिवको काम गर्ने ।

ङ) कोषाध्यक्ष

- जिल्ला समितिको सम्पूर्ण आर्थिक कारोवारको अभिलेख ठिक दूरुस्त राख्ने
- जिल्ला समितिको आय व्यायको हिसाब चुस्त दुरुस्त राख्ने ।
- जिल्ला समितिको निर्णय अनुसार जिल्लाको कोष निर्माण तथा व्यवस्थापन सम्बन्धी काम गर्ने ।

च) सदस्यहरू:

- संघको उद्देश्य प्राप्तिको लागि संघले गर्ने र गरेको काममा साथै संघको बैठकमा सधै सक्रिय भई रचनात्मक सहयोग गर्ने । जिल्लाबाट आएको संयोजकले जिल्लाका समितिको सदस्य गर्नेछ ।
- जिल्ला समितिको निति, निर्णय र निर्देशन पालना गर्ने ।
- नगरपालिका, गाउँपालिका वडा र प्रारम्भिक समितिको उद्देश्य प्राप्तीका लागि जिल्ला भित्रको मगर महिलाहरुको हक हित र उत्थानका लागि आवश्यक काम गर्ने ।

१५. ख. बैदेशिक शाखाको कार्यकाल २ वर्षको हुनेछ ।

क) अध्यक्ष

अ. अध्यक्षले समितिको बैठकको अध्यक्षता गर्ने ।

आ. कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत भएमा निजले आफ्नो निर्णय मत दिने ।



Scanned with CamScanner

ख) उपाध्यक्ष

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

ख. संघको उद्देश्य प्राप्ति गर्न सक्रिय भई रचनात्मक सहयोग गर्ने ।

ग. अध्यक्षले तोकिदिएको कार्य गर्ने ।

**ग) सचिव**

अ. समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरु गर्ने र सो को अभिलेख राख्ने ।

आ. बैदेशिक समितिको सबै बैठकहरु संचालन गर्ने समितिको तर्फवाट पारित गर्न प्रतिवेदन पेश गर्ने ।

**घ) सह सचिव**

अ. समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरु सचिव उपस्थित नहुँदा सचिवको काम गर्ने ।

**ङ) कोषाध्यक्ष**

- समितिको सम्पूर्ण आर्थिक कारोवारको अभिलेख ठिक दूरुस्त राख्ने
- समितिको आय व्यायको हिसाब चुस्त दुरुस्त राख्ने ।
- समितिको निर्णय अनुसार बैदेशिक कोष निर्माण तथा व्यवस्थापन सम्बन्धी काम गर्ने ।

**च) सदस्यहरू:**

- संघको उद्देश्य प्राप्तिको लागि संघले गर्ने र गरेको काममा साथै संघको बैठकमा सधै सक्रिय भई रचनात्मक सहयोग गर्ने ।
- समितिको निति, निर्णय र निर्देशन पालना गर्ने ।
- विभन्न शाखाको रिपोर्ट समितिमा आवश्यकता अनुसार पेश गर्ने ।



Scanned with CamScanner

१६. **प्रारम्भिक समितिका काम कर्तव्य र अधिकार:**

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका/वडा प्रारम्भिक समिति गठन हुनेछ।

अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह सचिव १, कोषाध्यक्ष र ४ जना सदस्य गरी जम्मा ९ जनाको समिति हुनेछ।

**अध्यक्ष** आ- आफ्नो समितिको बैठक र साधारण सभाको अध्यक्षता गर्ने।

- आ-आफ्नो समितिको सम्पूर्ण कार्यहरुको रेखदेख गर्ने।
- कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत भए निजले आफ्नो निर्णायक मत दिने।
- समितिको मुख्य प्रवक्ता हुने।

**उपाध्यक्ष** : अध्यक्षको काममा सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा निजलेगर्ने सबै काम गर्ने।

**सचिव** : अ. आफ्नो समितिको दैनिक कार्य तथा कार्यान्वयन सम्बन्धित कामहरु गर्ने।

आ. साधारण सभामा कार्य समितिको दैनिक कार्य तथा कार्यान्वयन सम्बन्धित कामहरु गर्ने।

**सह सचिव** : समितिको सचिवको काममा सहयोग गर्ने र समितिको सचिवको अनुपस्थितिमा निजको सम्पूर्ण कार्य गर्ने।

**उ) कोषाध्यक्ष :**

- समितिको सम्पूर्ण आर्थिक कारोवारको अभिलेख राख्ने।
- कोषाध्यक्षले समितिको आय व्ययको हिसाय दुरुस्त राख्ने।
- समितिको निर्णय अनुसार कोष बढाउने सम्बन्धित काम गर्ने।



Scanned with CamScanner

- साधारण सभामा समितिको आय व्यय विवरण र आगामी बर्षको आय व्यायको अनुमानित बजेट प्रस्तुत गर्ने ।

उ. सदस्य : **सक्रिय रुपमा काम गर्नेछ।**

वैदेशीक शाखा काम, कर्तव्य र अधिकार :

- केन्द्रको विधान र निति अनुसार विभिन्न शाखाहरु घोल पाउनेछन् ।
- वैदेशिक शाखालाई पनि प्रदेशका जिल्लाहरु सरह अधिकार हुनेछ ।
- विदेशमा रहेका मगर महिलाहरुलाई ऐकेवढता गरी उनिहरुको हक अधिकारका लागि सुरक्षित र संरक्षण गर्नका लागि पहल गर्ने ।

## परिच्छेद-७
## निर्वाचन

### १७. अध्यक्ष मण्डल :-

क. अध्यक्ष मण्डल :- बन्द सत्रको कार्यसम्पादनको निमित्त कार्यसमितिले आफ्नो कार्यकाल समाप्त हुनु १ महिना अगावै संघको पूर्वअध्यक्षहरु मध्येबाट १ अध्यक्ष सहित ३ सदस्यिय एक अधिकार सम्पन्न अध्यक्ष मण्डल गठन गर्नेछ ।

ख. अध्यक्ष मण्डलले संघको प्रचलित विधानको अधिनमा रहि निर्वाचन सम्बन्धि नियमवली बनाई माग गर्न सकिने छ ।

ग. नयाँ कार्यसमितिले आधिकारीकता पाए लगतै यस समितिको स्वतः विघटन हुनेछ ।

### १८. उम्मेदवारको योगयता :-

क) केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला र बैदेशिक शाखा/समितिको अधिवेशनको निर्वाचनमा अध्यक्ष पदमा उम्मेदवार बन्नका लागि (केन्द्रीय



Scanned with CamScanner

समितिको हकमा कम्तिमा ३० वर्ष उमेर पुगेको) सोही समितिको समितिमा एक कार्यकाल पदाधिकारी भई काम गरिसकेको हुनुपर्नेछ भने सबै समितिको पदाधिकारीको उम्मेदवार बन्नका लागि सोही समितिको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्ने र सबै समितिको सदस्यको उम्मेदवार बन्नका लागि सो समिति भन्दा मातहतको समितिमा रहि कम्तिमा एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

ख) केन्द्रीय समितिमा १ कार्यकाल काम गरेको हुनुपर्नेछ । (पदाधिकारीहरूको लागि)

ग) प्रदेश समितिको १ कार्यकाल काम गरेको हुनुपर्नेछ (पदाधिकारीहरूको लागि)

घ) जिल्ला समितिको १ कार्यकाल काम गरेको हुनुपर्नेछ (पदाधिकारीहरूको लागि) महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाका अध्यक्षहरूले पदाधिकारीमा उम्मेदवारी दिन पाउनेछन् ।

ङ) माथिल्लो समितिको निर्वाचनमा कुनै पनि पदका लागि उम्मेदवारी हुन सम्बन्धित जिल्लाको प्रारम्भिक समितिको बहालवाला पदाधिकारी तथा सदस्यहरु हुनु पर्नेछ ।

च) कुनै पनि व्यक्ति कुनै तहको पदमा छ भने सो व्यक्ति सो तहदेखि माथिल्लो तहमा निर्वाचित भएमा निजको तल्लो तहको पद स्वतः समाप्त हुनेछ ।

छ) निर्वाचन आयोगको सदस्यहरु, कर्मचारीहरु त्यस संघको समितिको निर्वाचनमा उम्मेदवारी दिन पाउने छैनन् ।

ज) कुनै पनि समितिमा निर्वाचित उम्मेदवारहरुलाई निर्वाचन आयोगले सर्व पदाधिकारी र सदस्यहरुलाई प्रमाण-पत्र (परिचय पत्र) आयोगको मुख्य आयुक्तले दस्तखत गरी दिइनेछ ।

## १९. मतदान प्रणाली

केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, गाउँपालिका, नगरपालिका, वडा



Scanned with CamScanner

र प्रारम्भिक समितिको निर्वाचन सम्भव भएमा सर्वसम्मतिबाट सो नभएमा गोप्य मतदानद्वारा निर्वाचन गरी गठन गरिनेछ। निर्वाचन सम्पन्न भई सके पछि निर्वाचन आयोग स्वतः विघटन हुनेछ।

२०. **राजीनामा :**

कुनै पनि स्तरको समितिका अन्य पदाधिकारी एवं सदस्यहरुलाई सम्बन्धित अध्यक्ष समक्ष र सम्बन्धित समितिको अध्यक्षले एक तह माथिको समिति समक्ष र केन्द्रीय समितिका अध्यक्षले केन्द्रीय समितिमा आ-आफ्नो राजीनामा पेश गर्न सक्ने छन्। राजीनामा पेश गरेको मितिले सामान्यतया ३५ दिन भित्र राजीनामा स्वीकृत भए नभएको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

२१. **अविश्वासको प्रस्ताव :**

कुनै पनि स्तरको समितिको पदाधिकारी वा सदस्य विरुद्ध अविश्वासको प्रस्ताव ल्याउनको लागि सम्बन्धित परिषद्का २५ प्रतिशत सदस्यहरुले अध्यक्षलाई लिखित मागग गर्नु पर्नेछ र सो लिखित माग गरेको २५ दिन भित्र सम्बन्धित समितिको असाधारण सभा बोलाई बैठक बस्नु पर्नेछ। परिषद्को २/३ बहुमतले अविश्वासको प्रस्ताव पास गर्न सक्नेछ। अन्य पदको लागि सोही तरिकाले र क्षेत्रिय रुपमा प्रतिनिधित्व हुने सदस्यको हकमा सोही क्षेत्र अन्तर्गत परिषद सदस्यहरुबाट पेश भएमा समितिबाट डुङ्गो लगाईनेछ। तर निजलाई अभियोगको बारेमा सफाई दिने मनासिव मौका प्रदान गरिनेछ।

२२. **पदपूर्ति:**

कुनै पनि स्तरको समितिमा कुनै पद रिक्त हुन आएमा सम्बन्धित समितिलेआफु वा संघको परिषद सदस्यबाट मनोनित गरी सो समितिले आफू वा साधारण सदस्यबाट मनोनित सो समितिको बाँकी अवधि सम्मका लागि पदपूर्ति गर्न सक्नेछ।



Scanned with CamScanner

क. यस संघको कार्य समितिको पदावधि समाप्त भएमा सो अवधि समाप्त भएको मितिले बढीमा ४ महिना भित्र केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशन प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, गाउँपालिका अधिवेशन, नगरपालिका अधिवेशन, वडा अधिवेशन, प्रारम्भिक समितिले साधारण सभा बोलाई आ-आफ्नो स्तरको समिति निर्वाचन वा पुनर्गठन गर्नेछन् ।

ख) कुनै पनि स्तरको पुनर्गठन भई पुरानो समितिको पदावधि समाप्त भएमा वा विघटन भएमा पुराने समितिका पदाधिकारीले आ-आफ्नो जिम्मामा रहेको जिम्मेवारीहरु नयाँ समितिलाई १५ दिन भित्रमा आफ्नो जिम्मेवारी बुझाई दिन पर्नेछ ।

## परिच्छेद ८
## आर्थिक व्यवस्था

### २३. कोष :-

व्यक्तिगत, सरकारी तथा गैर सरकारी संस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संस्थाहरुसंग समन्वय गरी आर्थिक स्रोत व्यवस्थापन गर्ने । सस्थाले आफ्नो नाममा चल अचल सम्पत्ति व्यक्तिले सरह खरिद तथा बेच विखन गर्न पाउने छ ।

१) **केन्द्रीय कोष :-**

क) केन्द्रीय समितिले आफ्नो कार्य संचालनको लागि केन्द्रीय कोष खडा गर्नेछ ।

ख) केन्द्रीय अध्यक्ष, कोषाध्यक्ष र महासचिव मध्ये दुई वा तीन जनाको संयुक्त हस्ताक्षरबाट बैंको कारोबार संचालन हुनेछ ।

ग) जिल्लाबाट आजिवन सदस्यता शुल्क तथा अन्य आम्दानीबाट केन्द्रीय कोषमा पठाइने ५० प्रतिशत रकम केन्द्रीय समितिको कोष हुनेछ।



Scanned with CamScanner

२. प्रदेश कोष :-

प्रदेश समितिको कोष आफ्नो कार्य संचालन गर्नको लागि प्रदेशको कोष खडा गर्ने ।

क) प्रदेश अध्यक्ष, कोषाध्यक्ष, सचिव मध्ये २ वा ३ जनाको संयुक्त हस्ताक्षरबाट बैंकको कारोवार संचालन हुनेछ

३. **जिल्ला कोष :-**

क) जिल्ला समितिले आफ्नो कार्य संचालनको लागि जिल्ला कोष खडा गर्नेछ ।

ख) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै २ जनाको नामबाट बैंक कारोबार संचालन हुनेछ ।

ग) साधारण सदस्य, आजिवन सदस्यबाट उठेको शुल्क, दान, सांस्कृतिक कार्यक्रम प्रदर्शन, बजार, मेला संघ संस्था, सरकारी निकाय आदि ठाउँबाट उठेको रकम जिल्ला समितिको कोष हुनेछ।

घ) आजीवन सदस्यता शुल्क प्रमुख कोषको रुपमा रहने ।

४. **बैदेशिक कोष :-**

क) बैदेशिक समितिले आफ्नो कार्य संचालनको लागि कोष खडा गर्नेछ ।

ख) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै २ जनाको नामबाट बैंक कारोबार संचालन हुनेछ ।

ग) साधारण सदस्य, आजिवन सदस्यबाट उठेको शुल्क, दान, सांस्कृतिक कार्यक्रम प्रदर्शन, बजार, मेला संघ संस्था, सरकारी निकाय आदि ठाउँबाट उठेको रकम समितिको कोष हुनेछ ।

घ) आजीवन सदस्यता शुल्क प्रमुख कोषको रुपमा रहने ।

**५) गाउँपालिका, नगरपालिका, वडा र प्रारम्भिक कोष :-**



Scanned with CamScanner

क)गाउँपालिका, नगरपालिका, वडा र प्रारम्भिक समितिले आफ्नो कार्यसंचालनको लागि गाउँपालिका, नगरपालिका, वडा र प्रारम्भिक कोष खडा गर्नेछ।

ख) अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट बैंक खाता संचालन हुनेछ।

ग) सरकारी तथा गैर सरकारी सहयोगबाट प्राप्त रकम कोष हुनेछ।

घ) साधारण सदस्यताबाट उठेको रकम कोषमा रहनेछ।

ङ) अन्य श्रोतहरु अपनाई कोषमा जम्मा हुनेछ।

च) जम्मा भएको सम्पूर्ण कोषको २५ प्रतिशत रकम जिल्ला समितिमा उठाउनु पर्नेछ। सबै समितिले आफ्नो आय श्रोतबाट संकलन रकमको खरिद गरेको जिन्सी सर-सामानहरुको दुरुस्त तयार गरि राखिनेछ।

छ) विदेशी सहयोग लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिईनेछ।

## परिच्छेद ९
## विविध

### २४. लेखापरिक्षणः

संघको प्रत्येक समितिको आय-व्ययको प्रत्येक वर्ष सेखापरिक्षण गराइने छ। यसरी लेखापरिक्षण गराउने सरकारी मान्यता प्राप्त लेखापरिक्षक नियुक्त गरिनेछ। सो लेखा परीक्षणको प्रतिवेदन गाउँपालिका, नगरपालिका, बडा, प्रारम्भिक समितिले वार्षिक साधारण सभामा जिल्ला समितिले जिल्ला र प्रदेश अधिवेशनमा पेश गरिनेछ। संघको बार्षिक हिसाय विवरण र लेखापरीक्षणको प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी समक्ष संघको केन्द्रीय समितिले पेश गर्नेछ।

### २५. गीत :

यस संघको मगर लोक संस्कृति, परम्परा, मेष-भुषा, इतिहास कल्याउने गीत संरक्षण समितिले विभाग रात तय गर्नेछन्।

Scanned with CamScanner

## २६. आर्थिक वर्ष :

यस संघको आर्थिक वर्ष श्रावण देखि अर्को वर्षको असार मसान्तसम्म हुनेछ।

## २७. कर्मचारी व्यवस्था

संघको हरेक तहको समितिले आ-आनो आवश्यकता अनुसार आ-आफ्नो कार्यालय संचालन गर्न आवश्यक पद सिर्जना गरी कर्मचारी नियुक्त गर्न सक्नेछ । नियुक्त भएका कर्मचारीको तलब, भत्ता आ-आफ्नो समितिको आर्थिक अवस्था अनुसार निर्धारण गर्न सक्नेछ। संघको कर्मचारीको तलब, भत्ता तथा सुविधा संघको केन्द्रीय समितिले विनियम बनाई लागु गर्न सक्नेछ।

## २८. कानूनी सल्लाहकार :-

संघलाई आउन सक्ने विभिन्न कानूनी बाधा अड्चन हटाउनका लागि समितिले वैतनिक अवैतानिक कानूनी सल्लाहकार नियुक्त गर्न सक्नेछ।

## २९. कानूनी उपचार :-

कुनै समितिको पदाधिकारी वा सदस्य वा गाउँपालिका, नगरपालिका, वडा र प्रारम्भिक समतिको वा प्रदेश समिति र जिल्ला समिति वा केन्द्रीय समितिने विधान विपरीत कार्य गरे, गरिएमा आघात पर्ने पक्षले समितिका पदाधिकारी वा समस्याको सम्बन्धित समितिका प्रारम्भिक समितिका विरुद्ध जिल्ला समितिमा, जिल्ला समितिका विरुद्ध केन्द्रीय समितिमा र केन्द्रीय समितिका विरुद्ध उजुर दिनु परेमा विशेष महाधिवेशन बोलाउनु पर्नेछ। समितिका पदाधिकारी वा सदस्यको सम्बन्धमा सम्बन्धित समितिले प्रारम्भिक समितिको सम्बन्धमा जिल्ला समितिका सम्बन्धमा विशेष महाधिवेशनले गरेको निर्णय अन्तिम हुनेछ।

## ३०. तदर्थ समिति :-

कुनै पनि स्तरको समिति विधान अनुसार गठनसम्म सम्बन्धित स्तरको तदर्थ गठन गर्न सकिनेछ। विधान अनुसार समिति गठन भए पछि उक्त तदर्थ समिति स्वतः विघटन हुनेछ।

## ३१. सल्लाहकार समिति :

केन्द्रीय स्तरमा केन्द्रीय समितिले जिल्ला स्तरमा जिल्ला समितिले र प्रारम्भिक



Scanned with CamScanner

समितिले गा.वि.स. वा. न.पा. स्तरमा ७ जना सम्मको एउटा महिला सल्लाहकार समिति गठन गर्न सक्नेछ।

३२. **विनियम आचारसंहिता**

यस विधानको अधिनमा रही मगरहरुको हितका लागि केन्द्रीय समितिले विनियम, आचार संहिता बनाई लागु गर्न गराउन सक्नेछ।

क) संघको उद्देश्य प्राप्तीका लागि संघको केन्द्रीय समतिले आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गरी काम कर्तव्य र अधिकार तोक्न सक्ने छ।

३३. **सम्झौता :-**

संघको उद्देश्य प्राप्तीको लागि यस विधानको अधिनमा रही केन्द्रीय समिति संरक्षण समितिले मात्र अन्य कुनै पनि निकाय वा संघ संस्था वा संगठन वा व्यक्तिगत स्थायी सम्झौता गर्न सक्नेछ। तर यस प्रकारको सम्झौता राष्ट्रिय महाधिवेशनले अनुमोदन नगरेमा अमान्य हुनेछ।

३४. **विधान संशोधन :-**

यस संघको विधान संशोधन गर्न आवश्यक परेमा सो कुरा संघको केन्द्रीय समितिको दुई तिहाई बहुमतद्वारा पारित गरी राष्ट्रिय महाधिवेशनले अनुमोदन गरेमा स्थानीय अधिकारीको पूर्व स्वीकृति लिई संशोधित विधान लागु गरिनेछ।

३५. **विनियम बनाउने अधिकार :-**

यो संघको अधिनमा रही केन्द्रीय समितिले आवश्यक विनियम बनाई लागु गर्न गराउन सक्नेछ।



Scanned with CamScanner

३६. **संघको विघटनः-**

संघको विधान बमोजिम कार्य संचालन गराउन नसके वा अन्य कुनै कारणवस संघ विघटन भएमा त्यसको सम्पूर्ण सम्पत्ति, जायजेथा नेपाल सरकारमा सर्नेछ ।

३७. **यस विधानमा४ अनुसुची रहनेछ ।**

## अनुसुची १

### सदस्यता प्रमाण-पत्र

साधारण सदस्यता, आजिवन सदस्यता तथा मानार्थ सदस्यता प्रमाण-पत्र बनाइनेछ ।

## अनुसुची २

### लोगो

लोगो बायाँ आसी खुर्पेटो र दायाँ एकजोर कांडे वाला संघको लोगो हुनेछ ।

## अनुसुची ३

### छाप

नेपाल मगर महिला संघ केन्द्रीय समति, प्रदेश समिति, जिल्ला समिति गाउँपालिका समिति, नगरपालिका समिति, वडा समिति, र प्रारम्भिक समिति ०५६ लेखिएको गोलाकारकको छाप रहने छ ।

## अनुसुची ४

### झण्डा

'अनुसूचि २ मा उल्लेखित चित्र अंकित उचाई दुई फिट लम्बाई तीन कासी निलो रंगको झण्डा हुनेछ ।



Scanned with CamScanner

यो विधानमा जे जे लेखिएको भएतापनि प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ।

## अनुसुची ५

## सपथ ग्रहण

नेपाल मगर महिला संघको ................................................... बाट म .................................पद......................................मा निर्वाचित भएकोमा संघको विधान अनुसार आफ्नो पदिय दायित्व कर्तव्य पालना गर्नेछु भनि नेपाल मगर महिला संघको नाममा सपथ ग्रहण गर्दछु।

**क्षेत्रगत बोलिने भाषा अनुसार सपथग्रहण गर्न सकिनेछ।**

**जय मगर महिला संघ (३)**



Scanned with CamScanner

यो विधानमा जे जे लेखिएको भएतापनि प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।

## अनुसुची ५
## सपथ ग्रहण

नेपाल मगर महिला संघको ........................................................ बाट म ..................................पद.......................................मा निर्वाचित भएकोमा संघको विधान अनुसार आफ्नो पदिय दायित्व कर्तव्य पालना गर्नेछु भनि नेपाल मगर महिला संघको नाममा सपथ ग्रहण गर्दछु।

**क्षेत्रगत बोलिने भाषा अनुसार सपथग्रहण गर्न सकिनेछ।**

**जय मगर महिला संघ (३)**



Scanned with CamScanner CamScanner


## नेपाल मगर महिला संघको लोगो

## नेपाल मगर महिला संघको छाप

नेपाल मगर महिला संघ
काठमाडौं
२०५६
कैन्द्रीय समिति

## नेपाल मगर महिला संघको झण्डा

Scanned with CamScanner
CamScanner














# राष्ट्रिय गान

सयौं थुंगा फुलका हामी, एउटै माला नेपाली
सार्वभौम भई, फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आंचल
वीरहरुका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमी, शान्तिभूभी, तराई पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमी नेपाल ।

बहुल जाती, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

Scanned with CamScanner